# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल,नेपाल

सचिव वैठक नं: १२
मिति : २०७५।६।१५

उपस्थिति :

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री भरत मणि रिजाल, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री मान वहादुर वि के, | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव | भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| श्री तिलक वहादुर खडका | नि.सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री लक्ष्मी प्रसाद भण्डारी | ईन्जीनियर | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| **आमन्त्रित** | | |
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु :

(१) कानून निर्माण सम्वन्धमा :

क. माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा मिति २०७५।६।२ मा सबै मन्त्रालयका माननीय मन्त्रीज्यूहरु कानून आयोगका पदाधिकारीहरु र कर्मचारीहरु समेत सहभागी भएको वैठकमा छलफल भई मा. मुख्यमन्त्रीज्यूवाट निर्देशन भएवमोजिम मन्त्रालयहरुले कानून तर्जुमा सम्वन्धमा हालसम्म गरेको प्रगति उपर समिक्षा गरियो ।

ख. मन्त्रालयगत रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट यसपूर्व सहमति लिइसकेको ३ बाहेक थप २, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट ४, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट ५, र सामाजिक विकास मन्त्रालयबाट २ गरी कूल १९ वटा विधेयक तर्जुमासम्वन्धी सैद्धान्तिक स्वीकृतीका लागि सम्वद्ध मन्त्रालयको सहमति सहित ३ (तीन) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ग. सबै मन्त्रालयहरुले विधेयकमा सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउँदा संभव भएसम्म वित्तीय व्ययभार पर्ने क्षेत्र खुलाई पठाउने ।

सचिव

घ. सैद्धान्तिक स्वीकृती लिई वा नलिई मस्यौदा गरिएका विधेयकहरुलाई सरोकारवालाहरुको सुझावका लागि छलफलमा लैजानुपर्ने भए सो प्रक्रिया टुंग्याउने, आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिने र प्रदेश सरकार (मन्त्रिपरिषद) मा प्रस्तुत गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

(२) **प्रगति प्रतिवेदन सम्वन्धमा :**

सबै मन्त्रालयहरुवाट प्राप्त २०७५ भदौ मसान्तसम्मको प्रगति प्रतिवेदन उपर समिक्षा गरियो । प्रगति प्रतिवेदन पठाउँदा देहाय बमोजिम गर्ने निर्णय भयो :

क. हरेक महिना समाप्त भएको ७ दिन भित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने । यस्तो प्रतिवेदन पठाउँदा लक्ष्य, प्रगति र प्रगति कम हुनुका कारणहरु खुल्नेगरी तालिका ढाँचा बमोजिम तयार गरी पठाउने ।

ख. चौमासिक प्रगति प्रतिवेदन तयार गर्दा हाललाई राष्ट्रिय योजना आयोगले तोकेको प्रगति प्रतिवेदन फारम प्रयोग गर्ने ।

(३) **संगठन तथा जनशक्ति व्यवस्थापन :**

क. यस पूर्व विभिन्न समयमा भएका निर्देशन तथा निर्णयहरु अनुरुप हाललाई नेपाल सरकारबाट स्वीकृत भई आएका निर्देशनालय तथा डिभिजनहरु नै स्थापना गरी कार्यसञ्चालन प्रारम्भ गर्ने ।

ख. स्थापना भईसकेका निर्देशनालय वा डिभिजनमा यथाशीघ्र अख्तियारी पठाई कार्यक्रम कार्यान्वयन प्रारम्भ गर्ने ।

ग. मन्त्रालयहरुवाट तयार भएका कार्यविवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने ।

घ. हाल जनशक्ति खटिइ आउने क्रम जारी रहेकाले जुन क्षेत्रमा जे जति संख्यामा खटिइ आएका छन् त्यसका आधारमा कार्यक्रम संचालन प्रारम्भ गराउन सजिलो हुनेगरी निर्देशनालय वा डिभिजन स्थापना गर्दै जाने ।

ङ. स्वयंसेवक सेवा परिचालनसम्वन्धी कार्यविधि सामाजिक विकास मन्त्रालयले तयार गर्ने । यसरी परिचालन गर्दा विभिन्न मन्त्रालयहरु विशेषतः भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत नयाँ खोलिएका कार्यालयहरु सञ्चालनमा सहयोग पुग्नेगरी परिचालन गर्ने विकल्पमा समेत ध्यान दिने ।

०७५।६।१६
प्रमुख सचिव